स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कमै अभिनेत्रीलाई डेब्यू फिल्मबाटै सफलताको उत्कर्षमा पुग्ने मौका मिल्छ । यसमानेमा भाग्यमानी अभिनेत्री हुन्, साम्राज्ञी आरएल शाह । आगामी भदौ २९ गते उनी अभिनीत फिल्म 'नाङ्गो गाउँ' प्रदर्शन हुँदैछ । बक्स अफिसका हिट मेशिन मानिएका अभिनेता दयाहाङ राईको पनि फिल्ममा अभिनय छ । ब्लकबस्टर फिल्म 'छ माया छपक्कै'का निर्देशक दीपेन्द्र लामाले फिल्म निर्देशन गरेका हुन् । यसैले उनलाई यो फिल्मप्रति ठूलो आशा छ ।

**आजको विचार...**



भेषराज पोखरेल

सम्बोधन... (दुई पेजमा)



रेखा फिल्म्सले निर्माण गर्न लागेको आगामी फिल्म 'उपहार'मा कलाकारको 'लाइनअप' पूरा भएको छ । अभिनेत्री बेनिशा हमाल र गत साता मिस्टर नेपाल २०२३ को उपाधि जितेका समर्पणजंग कार्की पनि फिल्ममा जोडिएका छन् । निर्मात्री तथा अभिनेत्री रेखा थापाले यी दुई जनालाई कलाकारको रुपमा अनुबन्धित गरिएको जानकारी दिइन् । बेनिशासँग र समर्पणसँग उनी मिस्टर नेपाल घोषित हुनुअघि नै साइन भइसकेको रेखाले बताइन् । बुद्ध एयरका व्यावसायिक पाइलट समेत रहेका कार्कीको यो डेब्यु फिल्म हुनेछ ।

❐ वर्ष २९ ❐ अंक १७ ❐ २०८० साउन १७ गते बुधबार 2 August 2023, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# खरको छानो फाल्दै जस्ता : खुसी छन् रामपुरवासी आनन्दले बस्दा

**सुशीला रेग्मी (रासस)**

**रामपुर (पाल्पा),** साउन १६/पानी आउँदा चुहिने, हावाहुरी लाग्दा छानो उडाउने जस्ता समस्याले कमला सुनारका कैयौँ दिनरात कष्टकरसँग बिते । उज्यालो हुँदा त बरु रुखमुनि बसेर भएपनि दिन बिताउँला तर रातको समयमा हावाहुरी, पानी परेपछि कसरी रात कटाउने भन्ने चिन्तै चिन्ताले धेरै रात निदाउन पाइनन् । खरले छाएको छानो पानी परेपछि चुहिहाल्ने, हावाहुरी आउँदा उडाउने गर्दा निकै दु:खसँग दैनिक जीवनयापन गर्न विवश भइन् । अहिले भने यी समस्याबाट मुक्त हुन पाउँदा जीवनकै ठूलो खुसी मिलेको उनी बताउँछिन् ।

रामपुर नगरपालिका-१० स्वामीभन्ज्याङ बस्ने सुनारलाई नगरपालिकाले २२ पाता जस्तापाता उपलब्ध गराएपछि सुखसँग दिन बिताउन पाएको बताइन् । "खरको छानो भएको घर पानी पर्ने बित्तिकै चुहिएर बस्नै सकिँदैनथ्यो, हावाहुरी चलेका बेला डाँडाभाटा नै नराखेर उडाएर लैजान्थ्यो", उनले भनिन्, "रातको समयमा त घरको झ्याल, ढोकामुनि बसेर धेरै रात बिताइयो, अहिले नगरपालिकाले नि:शुल्क जस्तापाता उपलब्ध गराएपछि आनन्दले घरमा बस्न पाइएको छ ।" पानी परेका बखत तथा हावा चलेका बेला झ्याल, ढोकामुनि कहिलेकाहीँ छिमेकीका घरमा ओत लाग्दै आएकी सुनारलाई बलियो छानो भएपछि घामपानी, हावाहुरीका समय ढुक्कले बाँस बस्ने ठाउँ बनाउन नगरपालिकाले सहयोग गरेपछि उनी



उत्साहित छिन् । जस्तापाता किन्ने पैसा नहुँदा दु:खसँग जीवन गुजारा चलाउँदै आएकी सुनारले पानी आउँदा घरभित्रै मूल फुट्ने, छानो चुहेर बस्नै सकस रहेका बेला स्थानीय सरकारले विपन्नको दु:खमा मलम लगाउने काम गरेको बताइन् । उनलाई नगरपालिकाले चार वर्षअघि दुईतले घर छाउन २२ पाता जस्तापाता उपलब्ध गराएको हो । त्यस समययता सुनारलाई घरमा बसोबासको समस्या नभएको बताउँछिन् ।

रामपुर-१० कै रानागाउँ बस्ने विनिता विकले नगरपालिकाको सहयोगमा जस्तापाता लगाएको दुई वर्ष भयो । भूकम्पले भत्किएको घरमा नगर सरकारले राहतस्वरुप तीनतले घर ढाक्ने गरी २४ पाता जस्तापाता उपलब्ध गराएको छ । घरमा जस्तापाता किनेर लगाउन समस्या भएको बेला रामपुर नगर सरकारले गरेको सहयोगमा परिवारमा धेरै खुसी ल्याएको उनी बताउँछिन् । "भूकम्पले घर भत्किएपछि बसोबास गर्न समस्या परेका बेला नि:शुल्क जस्तापाता पाउँदा हाम्रो परिवारमा ठूलो राहत भयो, हामी स्थानीयको दु:खमा सहयोगी भावनाले नगर सरकारले गरेको यस सहयोगले गाउँमा सिंहदरबारको झ-झल्को अनुभूति दिलाएको छ", उनले भनिन् । भूकम्पको पीडा छँदैछ तर घर छाउन जस्तापाता किन्ने पैसा अभावमा नगरको सहयोगमा जस्तापाता पाएपछि पुन:निर्माण गरी ओत लागेर बसेको विकले बताइन् । यस कार्यक्रमले घर छाउन जस्तापाता किन्न नसकेर बसेका गरिब, विपन्न परिवारलाई ओत लाग्ने बलियो आधार स्थानीय सरकारले बनाइदिएको उनको भनाइ छ । कमला सुनार र विनिता विकजस्ता रामपुरका धेरैले नगरको सहयोगमा चुहिने छानो र हावाहुरी चलेका बखत घरको छानो उडाउने समस्याबाट मुक्त भएर बलियो ओत लागेर बस्ने वातावरण पाएका छन् ।

नगर सरकारले एकै प्रकृतिको हरियो रङमा जस्तापाता वितरण गर्ने गरेको छ रामपुर नगरपालिकाले नगरभित्रका खरको छानो रहेका घरधुरी विस्थापित गर्न आर्थिक वर्ष २०७४/७५ देखि 'रामपुर नगर खरको छानोरहित घर' कार्यक्रम सुरु गरेको हो । नगरभित्रका खरको छानो भएका सात सय १९ घरधुरी सर्वेक्षण गरी काम अगाडि बढाइयो । हालसम्म ६ सय १२ घरधुरीमा खरको छानो हटाएर जस्तापाता लगाउने काम सम्पन्न भएको छ भने एक सय सात घरधुरीमा जस्तापाता लगाउने काम बाँकी रहेको छ । बाँकी घरहरुमा पनि जस्तापाता लगाउने कार्य सकाएर रामपुर नगरलाई खररहितको घर घोषणा गर्ने नगर सरकारको तयारी छ । आव २०७४/७५ मा एक सय ५९, आव २०७५/७६ मा एक सय २०, आव २०७६/७७ मा एक सय ६०, आव २०७७/७८ मा ८७, आव २०७८/७९ मा ४०, २०७८/७९ मै विपद्बाट ११ र आव २०७९/८० मा ३५ वटा घरधुरीमा जस्तापाता लगाइएको नगरपालिकाका इन्जिनियर कृष्ण थापाले जानकारी दिए ।

कार्यक्रम सुरु भएदेखि हालसम्म खरको छानोरहित घर कार्यक्रमको लागि रामपुर नगरपालिकाबाट रु एक करोड ६७ लाख, प्रदेश सरकारबाट रु ५० लाख गरी खरको छानो हटाएर जस्तापाता लगाउँदा भएको कूल लागत रु दुई करोड १७ लाख बराबरको रकम खर्च भइसकेको छ । पहिलो वर्ष नगरपालिकाले आव २०७४/७५ रु ५० लाख रकम विनियोजन गरेर काम सुरु गरेको हो भने दोस्रो वर्ष आव २०७५/७६ मा नगरपालिकाबाट रु एक करोड र प्रदेश सरकारबाट रु ५० लाख रकम विनियोजन गरी काम गरियो । आव २०७६/७७ र आव २०७७/७८ मा अघिल्लो आर्थिक वर्षकै केही रकम बाँकी रहेकाले सोही रकमबाट जस्तापाता वितरण कार्य भयो । *(...बाँकी अन्तिम पेजमा)*

## सक्षिप्त समाचार

### डेंगुका कारण दुई सयभन्दा बढीको मृत्यु



**(रासस/सिन्ह्वा)**

**ढाका,** साउन १६/बंगलादेशमा डेंगुका कारण जुलाईमा दुई सयभन्दा बढीको मृत्यु भएको छ । बङ्गलादेशका स्वास्थ्य अधिकारीहरूले सोमबार थप चार जनाको डेंगुका कारण मृत्यु भएको पुष्टि गरेका हो ।

स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा महानिर्देशनालय (डीजीएचएस) ले सार्वजनिक गरेको तथ्याङ्कअनुसार देशभर यो वर्ष हालसम्म डेंगुका कारण मृत्यु हुनेको संख्या २ सय ५१ पुगेको छ भने संक्रमितको संख्या ५१ हजार ८ सय ३२ पुगेको छ । लामखुट्टेको टोकाइबाट सर्ने यो रोग गत असारमा पाँच हजार ९ सय ५६ जनामा संक्रमण भएको देखिएको थियो । जुलाईमा संक्रमित संख्यामा थप ४३ हजार ८५४ जनामा डेंगुको सङ्क्रमण देखिएको छ । स्थानीय समयअनुसार सोमबार बिहान ८ बजेसम्म पछिल्लो २४ घण्टामा ढाकामा एक हजार १ सय ६८ सहित दुई हजार ६ सय ९४ जना नयाँ डेंगुका बिरामी फेला परेका छन् । यस वर्षको जनवरीदेखि जुलाईसम्म देशभरका विभिन्न अस्पतालबाट उपचार गराएर ४२ हजार १९५ जना डेंगुका बिरामी घर फर्केका छन् । डेंगुको बढ्दो संख्यासँग जुध्न बंगलादेशका स्वास्थ्य अधिकारीहरूले लामखुट्टेको प्रजनन रोक्न र लार्भा विरोधी अभियान सञ्चालन गर्न उपायहरू कडा पारेका छन् ।

## सदस्यता नवीकरण सम्बन्धी जरुरी सूचना

पाल्पा उद्योग वाणिज्य संघको सदस्यता लिनु भएका सम्पूर्ण सदस्यहरुलाई आ.व. २०८०/०८१ को आफ्नो सदस्यता नवीकरण यही २०८० आश्विन मसान्त भित्र गर्नु हुन अनुरोध गरिन्छ । सो अवधी पछि नविकरण गर्नको लागि विधान बमोजिम विलम्ब शुल्क रु.२५ लाग्नेछ । २०८० चैत्र मसान्तसम्म पनि सदस्यता नवीकरण नभएमा विधान बमोजिम सदस्यता खारेज हुने व्यहोरा जानकारी गराइन्छ ।

सदस्यता नवीकरण शुल्क तपसिल बमोजिम रहेको छ ।

| | |
|---|---|
| साधारण सदस्यको लागि | रु.७७५।- |
| एशोसियट सदस्यको लागि | रु.१४००।- |
| वस्तुगत सदस्यको लागि | रु.१९००।- |

**अनुरोधक**

**पाल्पा उद्योग वाणिज्य संघ**

भगवतीस्थान, तानसेन, पाल्पा

सम्पर्क नं. : ०७५-५२०१३३, ५२११६४

मोवाइल नं. : ९८५७०६८३२५

ईमेल : palpachamber@gmail.com

# कोसी प्रदेशको मुख्यमन्त्री थापा नियुक्ती, शपथ आज

**पाल्पा,** साउन १७/कोशी प्रदेशको मुख्यमन्त्रीमा नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापा नियुक्त भएका छन् । प्रदेश प्रमुख परशुराम खापुङले थापालाई मंगलबार मुख्यमन्त्री नियुक्त गरेका हुन् । थापा संविधानको धारा १६८ को उपधारा(२) बमोजिम मुख्यमन्त्रीमा नियुक्त भएका हुन् ।

नवनियुक्त मुख्यन्त्री उद्धव थापाले आज बिहान १०:३० बजे पद तथा गोपनीयताको शपथ लिने भएका छन् । प्रदेश प्रमुखको कार्यालयमा प्रदेश प्रमुख परशुराम खापुङसमक्ष पद तथा गोपनीयताको शपथ लिने कार्यक्रम तय भएको छ । सभामुख बाबुराम



गौतमलाई राजीनामा गर्न लगाएर बहुमत सदस्यको समर्थनसहित गठबन्धनका तर्फबाट कांग्रेस संसदीय दलका नेता उद्धव थापा मुख्यमन्त्री बनेका हुन् । यसअघि असार २१ गते नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाका ४६ सांसद (गठबन्धन) र सभामुख गौतमको समर्थनमा थापा मुख्यमन्त्री बनेका थिए । कोसीमा असंवैधानिक तरिकाले सरकार गठन भएको सर्वोच्च अदालत फैसला गरिदिएपछि थापा मुख्यमन्त्री पदबाट पदमुक्त भएका थिए । थापा कांग्रेसका २९, माओवादीका सभामुखसहित १३, नेकपा (एकीकृत समाजवादी)का ४ र जनता समाजवादी पार्टी (जसपा)का १ गरी ४७ सांसदको समर्थनमा मुख्यमन्त्री बनेका हुन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवा जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गम्भीर बन सरकार

सरकार नागरिकको नजिकको अभिभावक र देशलाई संसारकै उत्कृष्ट मुलुकका रुपमा अगाडि बढाउने काममा लागि पर्ने महत्वपूर्ण अंग पनि हो भन्ने शब्द केवल भाषिक मात्र भएका छन् । त्यसकारण सरकार आफैमा गम्भीर र जिम्मेवार हुनुको विकल्प छैन । जनताका न्यूनतम आवश्यकतालाई तीनै तहका सरकारले गम्भीर भएर अभिभावकत्व लिनुपर्नेमा त्यसो भएको पाइदैन यहाँ । सरकार आफैमा निरीह र जनता प्रति उत्तरदायी हुन सकेनन भने भविश्यका लागि समयानुकुलको मुलुक परिकल्पना गर्न गाह्रो हुने अवश्यम् भावी छ । शिक्षा, स्वास्थ्य अनि गास र वासको ग्यारेन्टी गर्ने कुरामा सरकारहरु चुकेका छन् । विकासका नाममा बाटा अनि कुला र कुलेसा खनेर मात्र विकासले गति लिइरहेको छ भन्ने सरकार कसरी चलिरहेको छ भन्ने कुराको अनभुत भने आम नागरिकले गर्न नसकेका कारण जनमानसमा सरकार केवल नाम मात्र हो, सरकारले गर्नुपर्ने काम खासै केही पनि भएका छैनन् भन्ने अनुभूत बाहेक केही पनि हुन सकेको देखिदैन । नागरिकलाई प्रत्यक्ष फाईदा हुने कुरा र देशले भविश्यमा प्राप्त गर्ने उपलब्धीका विषयमा जनचासो देखाउनु मात्रै नभएर प्रभावकारी र दीर्घकालीन सोंचलाई बहुजन हितायको सिद्धान्त अनुरुप अगाडि बढ्नुपर्ने हुन्छ । संसद केवल प्रतिपक्षका लागि मात्र बनेको होइन, सत्तामा भएका सांसदले पनि संसद प्रतिको आफ्नो उत्तरदायित्व र सरकारलाई दीशा निर्देश गर्ने काममा सहयोगी र समआलोचक दुवै बन्नुपर्ने हुन्छ । अनि मात्र सरकार नागरिक प्रति उत्तरदायी हुन सक्छ । राजनैतिक वृतमा अहिले युवाहरुको आर्कषण दिन प्रति दिन कम हुँदै जानुको कारण विदेशिने समस्या हो भनेर मात्र चित्त बुझाउँनु मात्र हो, उनीहरुको आवश्यकताको पहिचान गर्न नसक्दा सम्म देशले प्रगति गर्दैन । यस्तो परिस्थितिको सही मूल्याङ्कन गरेर योजना निर्माण हुन नसक्दा मुलुक वृद्धवृद्धाहरुको वासस्थानका रुपमा परिणत हुने खतरा बढेर गएको देखिन्छ ।

## Opinion @ Social Network

आफ्नो जिन्दगीमा हरेकलाई, महत्व दिनुस्, किनकि जो असल छन् ।
उनले साथ दिन्छन् र जो खराब छन्, उनले पाठ दिन्छन् ।।
(सुरज रेग्मीको फेसबुक स्टाटसबाट www.facebook.com//laxman.kunar.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सम्बोधन बिनाको मौद्रिक नीति



भेषराज पोखरेल

> *राष्ट्र बैंकले यी व्यवस्था गर्नुको मुख्य कारण बैंकहरुको ऋण लगानी ११ प्रतिशतमा पुर्याउन सकिने मान्यतामा हो । अर्को यी व्यवस्थाबाट बैंकहरुको लागत कम हुँदा ब्याज दर घट्छ भन्ने पनि हो । ऋण लगानी बढ्न उद्योगका उत्पादनको माग बढ्नु आवश्यक हुन्छ । अहिले माग तत्काल बढ्न कठिन देखिन्छ भने नेपालले निर्यात बढाउन पनि अप्ठोरो छ । निर्यात व्यापारलाई व्यवस्थित गर्न नसक्नाले नेपालको निर्यात सरल छैन । नेपालले अहिले भारतमा निर्यात गर्ने वस्तुमा सोयाबिन तेल, सूर्यमुखी तेल, पाम आयल विशेष रुपमा पर्छन् । यी उद्योगहरुले विदेशबाट अर्धप्रशोधित कच्चापदार्थ आयात गरेर प्रशोधन गरी निर्यात गर्दै आएका छन् । नेपालले भन्सार दर बढाएको छ भने भारतले यी कच्चा पदार्थको आयातमा भन्सार महसुल घटाएको छ । यी वस्तु अब भारतमा उत्पादन गर्दा धेरै सस्तो पर्ने अवस्था बन्दैछ । यो अवस्थामा नेपालले यी वस्तु भारतमा निर्यात गर्न कठिन हुँदैछ । अन्य वस्तुले पनि यस्तै अवस्था व्यहोर्नु पर्ने अवस्था आउँछ । आन्तरिक लगानी प्रोत्साहित नहुने तथा वैदेशिक लगानी नआउने वा अति न्यून मात्रामा आउँदा रोजगारीमा वृद्धि हुन कठिन छ । यो अवस्थामा आन्तरिक मागमा वृद्धि गराउन पनि कठिन छ । सरकारले विकास बजेटको खर्चलाई बढाउन सक्यो भने केही मात्रामा भए पनि आन्तरिक माग बढ्न सक्छ । अर्थतन्त्र सक्रिय बनाउन सबै वर्गका सर्वसाधारणलाई आर्थिक क्रियाकलापमा जोड्नु आवश्यक हुन्छ । त्यसका लागि सरकारको वित्तीय नीति अर्थात् बजेट मुख्य हतियार हो । बजेटले पूरा नगरेका पक्षमा मौद्रिक नीतिमार्फत पूरा गर्ने गरिन्छ । बजेटले कृषिदेखि अन्य क्षेत्रमा केही प्रावधान राखे पनि सर्वसाधारणलाई वास्तविक आर्थिक क्रियाकलापसँग जोड्न सकेको देखिन्न । पछिल्लो समय ग्रामीण मध्यम वर्ग तथा विपन्न वर्ग तथा शहरका पनि यी वर्ग आर्थिक क्रियाकलापसँग जोडिन जुर्मुराएको देखिन्छ ।*

हालै नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिलाई उद्योगी, व्यवसायीहरुका प्रतिनिधिमूलक संस्थाहरुले राम्रो मानेनन् । उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ तथा चेम्बर अफ कमर्सले अहिलेको मौद्रिक नीतिले शिथिल हुँदै गएको अर्थतन्त्रलाई सक्रिय बनाउन नसक्ने बताएका छन् । उनीहरुले माग घट्दै गएको, उत्पादनमा ह्रास आउँदै गएको, रोजगारी घट्दै गएको तथा नयाँ कार्यान्वयनको चरणमा रहेका उद्योगको निर्माण पनि स्थगन भएको अवस्थामा यो मौद्रिक नीतिले सुधार गर्न नसक्ने बताएका छन् । त्यहीं नेपाल भ्रमणमा रहेको अन्तर्राष्ट्रिय मुद्राकोषको प्रतिनिधिमण्डलले भने बजेटका लक्ष्य प्राप्त गर्न तथा सुधार हुँदै गएको अर्थतन्त्रको बाह्य पक्षलाई कायम राख्न सहयोगी हुने गरी मौद्रिक नीति आएको बताएको छ । आईएमएफले सजगतापूर्वक आएको मौद्रिक नीतिले लगानी बढाउने तथा अर्थतन्त्र सक्रिय बनाउँदै आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्ने दिशामा रहेको भन्दै स्वागत गरेको छ ।

राष्ट्र बैंकले मौद्रिक नीति कार्यान्वयन गर्ने क्रममा शेयर कर्जा, सवारी खरिद र घरजग्गामा जोखिम भार घटाएको छ । यसबाट बैंकको ब्याजदर घट्ने बताएको छ । वास्तवमा यो कति सफल होला विश्लेषणको विषय हो नै । यो मौद्रिक नीतिले कृषकका समस्यालाई छोएन, सहकारी पीडितलाई छोएन भने लघुवित्त र मिटरब्याजीबाट पीडितलाई छोएन । परम्परागत रुपको मौद्रिक नीति यस्तै हुने नै हो । समग्र अर्थतन्त्रका सबै क्षेत्रलाई सक्रिय बनाएर एउटा निश्चित दिशा दिने हो भने यी सबै कुरामा राष्टको आर्थिक सल्लाहकार मानिने राष्ट्र बैंकले सोच्नैपर्थ्यो । राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् नीतिगत दरमा शून्य दशमलव ५ प्रतिशत घटाएको छ । बैक दरमा भने कुनै परिवर्तन गरेन । बैंक दरमा परिवर्तन नगरेकाले ब्याजदरमा कमी आउने सम्भावना कम छ । घरवास कर्जाको सीमा बढाएर १ करोड ५० लाखबाट २ करोड पुर्याएको छ । अर्को ५० लाखसम्मको शेयर कर्जामा जोखिम भार १ सय ५० प्रतिशत रहँदै आएकोमा १०० प्रतिशतमा झारेको छ । सवारीसाधन खरिदमा पनि जोखिम भार घटाएको छ । २५ लाखसम्मको कर्जामा जोखिम भार १०० प्रतिशत बनाएको छ । त्यसभन्दा बढी कर्जामा भने १ सय ५० प्रतिशत नै हुने भएको छ । रियल स्टेट कर्जाको जोखिम भार भने १ सय ५० प्रतिशत तोकेको छ । घरजग्गा खरिदमा सरकारबाट लाइसेन्स प्राप्त संस्थाले लिने कर्जाको जोखिम भार भने १०० प्रतिशत तोकेको छ । राष्ट्र बैंकले यी व्यवस्था गर्नुको मुख्य कारण बैंकहरुको ऋण लगानी ११ प्रतिशतमा पुर्याउन सकिने मान्यतामा हो । अर्को यी व्यवस्थाबाट बैंकहरुको लागत कम हुँदा ब्याज दर घट्छ भन्ने पनि हो । ऋण लगानी बढ्न उद्योगका उत्पादनको माग बढ्नु आवश्यक हुन्छ । अहिले माग तत्काल बढ्न कठिन देखिन्छ भने नेपालले निर्यात बढाउन पनि अप्ठोरो छ । निर्यात व्यापारलाई व्यवस्थित गर्न नसक्नाले नेपालको निर्यात सरल छैन । नेपालले अहिले भारतमा निर्यात गर्ने वस्तुमा सोयाबिन तेल, सूर्यमुखी तेल, पाम आयल विशेष रुपमा पर्छन् । यी उद्योगहरुले विदेशबाट अर्धप्रशोधित कच्चापदार्थ आयात गरेर प्रशोधन गरी निर्यात गर्दै आएका छन् । नेपालले भन्सार दर बढाएको छ भने भारतले यी कच्चा पदार्थको आयातमा भन्सार महसुल घटाएको छ । यी वस्तु अब भारतमा उत्पादन गर्दा धेरै सस्तो पर्ने अवस्था बन्दैछ । यो अवस्थामा नेपालले यी वस्तु भारतमा निर्यात गर्न कठिन हुँदैछ । अन्य वस्तुले पनि यस्तै अवस्था व्यहोर्नु पर्ने अवस्था आउँछ ।

आन्तरिक लगानी प्रोत्साहित नहुने तथा वैदेशिक लगानी नआउने वा अति न्यून मात्रामा आउँदा रोजगारीमा वृद्धि हुन कठिन छ । यो अवस्थामा आन्तरिक मागमा वृद्धि गराउन पनि कठिन छ । सरकारले विकास बजेटको खर्चलाई बढाउन सक्यो भने केही मात्रामा भए पनि आन्तरिक माग बढ्न सक्छ । अर्थतन्त्र सक्रिय बनाउन सबै वर्गका सर्वसाधारणलाई आर्थिक क्रियाकलापमा जोड्नु आवश्यक हुन्छ । त्यसका लागि सरकारको वित्तीय नीति अर्थात् बजेट मुख्य हतियार हो । बजेटले पूरा नगरेका पक्षमा मौद्रिक नीतिमार्फत पूरा गर्ने गरिन्छ । बजेटले कृषिदेखि अन्य क्षेत्रमा केही प्रावधान राखे पनि सर्वसाधारणलाई वास्तविक आर्थिक क्रियाकलापसँग जोड्न सकेको देखिन्न । पछिल्लो समय ग्रामीण मध्यम वर्ग तथा विपन्न वर्ग तथा शहरका पनि यी वर्ग आर्थिक क्रियाकलापसँग जोडिन जुर्मुराएको देखिन्छ । उनीहरुले सानोतिनो व्यवसाय गर्न, आफ्ना छोराछोरी विदेश पठाएर भए पनि आम्दानी बढाउन चाहन्छन् । यसका लागि बैंकहरुबाट सरलसँग ऋण पाउनु पर्थ्यो । बैंकहरुले यी वर्गलाई सजिलैसँग ऋण दिँदैनन् । निजी बैंकको त कुरा छाडौं सरकारको स्वामित्वका वाणिज्य बैंक, नेपाल बैंक तथा कृषि विकास बैंकले पनि सरलसँग ऋण दिँदैनन् । उनीहरु सानो ऋण लिन सहकारी, लघुवित्त संस्थामा पुग्ने नै भए । नियमन निकाय अभाव र नीति बाहिर राखिएका यी संस्थाहरुले यी वर्गका जनतालाई डरलाग्दो गरी ठग्न पुगेका छन् । थोरै भए पनि केही गरी आर्थिक अवस्था सुधार गरौंला, हामी पनि मूलधारको अर्थतन्त्रसँग जोडियौंला भन्ने आशाले सहकारी र लघुवित्तबाट ऋण लिएका सर्वसाधारणले आर्थिक प्रगति होइन पुरानो घरवास पनि गुमाउन पुगेका छन् । अहिले बचत तथा ऋण सहकारीका सञ्चालकहरुले यस्ता जनताको अर्बौं रकम खाएर भाग्ने गरेका छन् । यो समस्या डरलाग्दो गरी अगाडि आएको छ । अर्को, अति विपन्न जनताको आर्थिक उत्थान गर्ने भन्दै खुलेका लघुवित्तले सर्वसाधारणलाई ऋणको पासोमा पारेर उठिवास लगाएका छन् । अर्थतन्त्रको तेस्रो खम्बाका रुपमा संविधानमा लेखिएको सहकारीलाई व्यवस्थित नगरेर छाडा छाडिदिँदा यस्तो अवस्था आएको हो । सहकारी र लघुवित्त वित्तीय संस्थाको यो अवस्था आउँदा मौद्रिक नीतिले सम्बोधन गर्नै पर्दथ्यो । जिम्मेवार संस्था केही पनि नबोल्नु अत्यन्तै दु:खद कुरा हो । अर्को, यी संस्थाबाट पनि ऋण नपाउनेहरु स्थानीय साहुकोमा गएको देखिन्छ । उनीहरुले मिटरब्याजको माध्यमबाट जनताको सबै सम्पत्ति हडप्ने गरेको पछिल्लो समय स्पष्ट हुँदै गएको छ । यी जनतालाई आर्थिक मूलधारमा ल्याउन बजेट, मौद्रिक नीतिले विशेष व्यवस्था गर्नैपर्छ । परम्परागत ढर्राका बजेट वा मौद्रिक नीति विपन्न जनतालाई राहत दिन सक्षम हुने कुरा भएन । अर्थतन्त्रमा आमूल परिवर्तन गर्न जिम्मेवार निकायले यस्ता कुराको ख्याल गर्नेपर्छ । यी तल्लो वर्गका जनतालाई भुइँमै छाडेर अर्थतन्त्रका आन्तरिक वा बाह्य पक्ष सुधार गर्यौं भन्नुको अर्थ छैन । सरकारी निकाय जनताको दु:खमा अझ दु:ख थप्ने हुनु हुँदैन, अब सरकारले जसरी पनि यी वर्गलाई आर्थिक मूलधारमा जोड्नै पर्छ ।

*-हाम्राकुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । | **तुला** : लाभदायक यात्रा रहला । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : चिताएको कामले तीव्रता लिनेछ । कला, साहित्यमा रुचि बढ्नेछ । | **वृश्चिक** : कार्यमा सफलता मिल्नेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **मिथुन** : जमघटमा मन रमाउनेछ । धर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । रमणीय र सुखद यात्राको योग छ । |
| **कर्कट** : यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला । | **मकर** : महत्वपूर्ण कामको थालनी हुनेछ । समाजसेवामा मन लाग्नेछ । |
| **सिंह** : स्वास्थ्यमा समस्या आउनेछ । सहकर्मीबाट विरोध आउला । | **कुम्भ** : वाक्चतुर्याईले सङ्कल्प सिद्ध हुनेछ । साथीभाईसंग समय बित्नेछ । |
| **कन्या** : जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : रोजगारको अवसर मिलनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । |

## मनोरञ्जन

# ‘कामिनो’ निर्माण अन्योल, ‘काजी’ तिर ढल्किइन् बर्षा



गएको एक वर्षमा व्यक्तिगत जीवनमा ठूलो उतार-चढावको सामना गरेकी अभिनेत्री वर्षा सिवाकोटीले २ वर्षको विश्रामपछि फिल्म ‘कामिनो’ साइन गरेकी थिइन् । उनले पहिलो पटक अभिनेता प्रदीप खड्कासँग काम गर्दै थिइन् । असारबाट छायांकनको तयारी गर्दै वर्कसप समेत भयो । तर, अब फिल्मको निर्माण नै अन्योल बनेको छ । एकपछि अर्को कलाकारले फिल्म छाडिसकेका छन् ।

‘कामिनो’को निर्माण अन्योल बनेपछि वर्षा लक्ष्मण रिजालको निर्देशनमा बन्न लागेको फिल्म ‘काजी’ तिर ढल्किएकी छन् । उनले यो फिल्म सम्झौता गरिसकेकी छन् । उनले अब आफू ‘काजी’मा काम गर्न लागेको बताएकी छन् । तर, उनले ‘कामिनो’ छाडिसकेकी छैनन् । आगामी भदौबाट छायांकनमा जान लागेको ‘काजी’को आगामी बैशाख १ गतेलाई प्रदर्शन मिति घोषणा गरिसकिएको छ । फिल्ममा वर्षाका साथै विजय बराल, बुद्धि तामाङ, सुमन कार्की र कैलाश कार्कीको पनि अभिनय रहनेछ । वर्षाको जोडीका लागि अभिनेताको टुंगो लागिसकेको छैन । सुनिल मानन्धरको श्रीराम बालाजी पिक्चर्सले वितरण गर्ने फिल्मको छायांकन करिब १ दशक अगाडिको बेलायती परिवेशमा गरिनेछ । रिजाल एण्ड रिजाल प्रोडक्सनको ब्यानरमा बन्ने फिल्मको निर्माता रामप्रसाद रिजाल हुन् । वर्षाले मुख्य भूमिकामा नभए पनि गत बैशाखतिर ‘पशुपति प्रसाद २ : भष्मे डन’मा काम गरेकी थिइन् । यसको अघिल्लो श्रृंखलामा उनको अभिनय रहेकाले त्यसको ‘कनेक्सन’ देखाउनका लागि सिक्वेलमा उनले छोटो भूमिकामा काम गरेको जानकारी प्राप्त छ । गत वर्ष वर्षाको ‘मनसँग मन’ र यस वर्ष ‘ए साथी सुन’ प्रदर्शनमा आइसकेका छन् भने आगामी दशैंमा ‘परदेशी २’ रिलिज हुँदैछ ।

*-फिल्मी खबर डटकम*

# बाद्यवादनमा भविष्य खोज्दै बालबालिका

संगीत भावना हो, मनभित्रको लय र माधुर्यता हो । संगीत मन नपर्ने सायदै होलान् । यसले बालबालिकादेखि वृद्धवृद्धासम्म तानिरहेको हुन्छ । यस्तै संगीतको धुनमा डुबुल्की मार्न पुगेका छन् पाल्पाको रामपुरका अनुप काफ्ले । उनी १५ वर्षका भए । उनलाई बाद्यवादन एक किसिमको नशाजस्तै बनेको छ । विद्यालयबाट घर फर्केपछि गृहकार्य सकाएर बाजा बजाउने र गीत अनुसारका नयाँ-नयाँ ताल सिक्ने गर्छन् । ४ वर्षदेखि काफ्लेको दिनचर्या यसरी नै बितिरहेको छ । उनको घर अहिले बाद्यवादन सिक्ने थलो नै बनेको छ । काफ्लेले आफूले जानेको सीप अन्य साथीहरूलाई पनि सिकाउँछन् । घर नै संगीतको मीठो धुनले गुञ्जयमान छ ।

‘संगीत नभई बस्न सक्दिन, घरमा बसेर विभिन्न ताल सिक्ने र यसमै आनन्द लिने गरिरहेको छु,’ काफ्लेले भने, ‘घरमा बाजा पर्याप्त छन्, स्कूलमा सँगै पढ्ने तथा गाउँका साथी घरमै आउँछन्, उनीहरूलाई आफूले जानेको सिकाउने गरेको छु ।’ गाउँघरमा हुने भजनकीर्तन र महायज्ञबाट प्रभावित भएर घरमा मादल बजाउन शुरू गरेका काफ्लेले क्रमश: सारङ्गी, तबला, ढोलक, हार्मोनियम र अक्टोप्याड बजाउन सिके । अहिले उनी गाउँमा आयोजना गरिने महायज्ञ, भजनकीर्तन, धार्मिक कार्य लगायतमा सहभागी भई बाद्यवादनको काम गर्छन् । घरमा रहेका विभिन्न थरिका बाजा बजाउन थालेपछि छुट्टै आनन्दको अनुभूति हुने गरेको काफ्ले बताउँछन् । ‘विद्यालय समयबाहेक साँझबिहान घरमा बसेर सिक्ने गरिरहेको छु, अहिले गाउँका महायज्ञ, भजनकीर्तनजस्ता धार्मिक कार्यमा बोलाउनुहुन्छ, यस क्षेत्रमा धेरै आनन्द लागिरहेको छ,’ उनले भने । भजनकीर्तन र महायज्ञमा सहभागी भई आर्जन गरेको रकमले आवश्यक बाद्यवादनका सामग्री खरिद गर्ने गरेको काफ्ले बताउँछन् । धार्मिक कार्यमा सहभागी भएवापत उनले ६ घण्टाको समय बाद्यवादनमा खटिएवापत ५ हजारसम्म रकम बुझ्छन् । भविष्यमा राम्रो संगीतकार बन्ने काफ्लेले लक्ष्य छ । घरमा बुवाआमाको राम्रो साथ सहयोग पाएका काफ्लेले एसईई परीक्षा उत्तीर्णपश्चात संगीत र संस्कृत शिक्षा पढ्ने योजना बनाएका छन् ।

काफ्लेको जस्तै रामपुरकै विष्णु पोखरेलको पनि संगीतमा औधी रुचि छ । घरमा काका ऋषि पोखरेलबाट मादल बजाउन सिकेका १४ वर्षीय पोखरेललाई यतिबेला बाद्यवादनप्रति प्रेम नै बसेको छ । मादल, हार्मोनियम र गीतारमा उनले राम्रो ताल भर्छन् । पोखरेललाई यसका अलवा अन्य बाजाको मोह उत्तिकै छ । विद्यालय बिदाको समय अहिले उनी अन्य बाजा बजाउन सिकिरहेका छन् । पोखरेल भन्छन्, ‘सिक्न थालेपछि संगीतबिना एक्छिन बस्नै सक्दिन, विद्यालय समयबाहेक घरमा बाजासँगै समय बिताउने गरेको छु, विद्यालयमा संगीत कक्षा भएको भए सिक्न धेरै सजिलो हुन्थ्यो, तैपनि घरमा भएका तथा साथीसँग भएका बाद्यवादनका सामग्रीलाई आलोपालो गरेर सिक्दैछु ।’ पोखरेलको घरमा हार्मोनियम, मादल, खैंजडी, सारङ्गी, बाँसुरी, गिटार लगायत बाजा छन् । साँझ-बिहान यी बाजाका धुनले घर गुञ्जायमान बन्दछ । भविष्यमा बाद्यवादनको क्षेत्रमा राम्रो गर्ने उनको सोच छ । पोखरेल यस क्षेत्रमा ४ वर्षदेखि समर्पित हुन्छन् । यस्तै रामपुरकै शौरभबाबु घिमिरे पनि ३ वर्षदेखि संगीतमै रमाएका छन् । घरमा बिस्तारै मादल बजाउन सिकेका उनले आफ्ना साथीसँग यससम्बन्धी ज्ञानआर्जन गरिरहेका छन् । पढाइ नबिग्रिने गरी आफूलाई मनपर्ने बाजा साथीको घरमा गएर बजाउन सिक्ने गरेको घिमिरे बताउँछन् । १५ वर्षीय घिमिरेलाई बाद्यवादनप्रति निकै मोह छ । मादल, किबोर्ड र गितारका धुनमा उनी खाली समय बिताउँछन् । संगीतको क्षेत्रमा केही गर्ने मनसाय बोकेर बाद्यवादनलाई निखारता दिन यससम्बन्धी इन्टरनेट लगायतका विभिन्न माध्यममा आवश्यक ज्ञानका कुरा घिमिरेले अध्ययन गर्छन् । अहिले अक्टोप्याड, हार्मोनियम लगायत बाजामा उनी ताल भर्न सिक्दै हुन्छन् । ‘घरमा अभिभावकले महत्त्व दिएर बाद्यवादनका सामग्री खरिदमा सहयोग गर्नुभएको छ, यसले झन् यही क्षेत्रमा केही गर्छु भन्ने उत्साह थपिएको छ, परिवारको सहयोग पाएकाले बाद्यवादन क्षेत्रमै नाम कमाउने धोको छ,’ उनले भने । संगीतले हरेक उमेरका व्यक्तिलाई तान्ने गर्दछ । मानिसमा भएका तनाव, पिर, दुःख, बोझलाई संगीतको धुनले भुलाइदिएको हुन्छ । साहित्य र संगीतका अनेकौं रूप छन् । शब्दको संगमबाट मर्मस्पर्शी गीत सिर्जित हुन्छ र सात सुर तथा सरगमको संगमबाट सुमधुर संगीत प्रवाहित हुन्छ । गीत-संगीत-साहित्य मानव जीवनको प्राण नै हो । मानव मनभित्र पनि एक किसिमको संगीत पैदा भएर तरङ्गित भइरहेको हुन्छ ।

रामपुरकै अन्जन काफ्ले शारीरिक व्यायाम हुने, मानसिक सन्तुलन राम्रो हुँदै जाने, अल्छीपन हट्ने, तनाव हटेर जाने तथा फुर्सदको समयको राम्रोसित सदुपयोग भएको बताउँछन् । १२ वर्षीय काफ्ले ५ देखि ७ जनाको समूहमा विद्यालय समयबाहेक अन्य समय मिलाएर घरमा संगीत सिक्ने गरेको बताउँछन् । उनी घरमा बुवा र दाजुबाट सीप सिकेर ३ वर्षयता संगीतमा गीत अनुसारको ताल निरन्तर सिकिरहेका छन् । सानो उमेरमा पनि बाद्यवादनको क्षेत्रमा काफ्लेको सौख बढेको छ । संगीतका अलवा उनलाई चित्र कोर्न र फूटबल खेल्न औधी रुचि छ । कोरोना महामारीका बेला विद्यालय बन्द हुँदा काफ्लेले संगीत सिक्न थालेका हुन् । रामपुर नगरपालिकाभित्र बाद्यवादन सम्बन्धी कक्षा नभएकाले धेरै यस क्षेत्रमा रुचि भएर पनि सीप सिक्नबाट वञ्चित छन् । एक स्थानीय तहमा एउटा विद्यालयमा संगीत सम्बन्धी कक्षा सञ्चालन गर्न यस क्षेत्रमा भविष्य बुन्दै गरेका बालबालिका तथा किशोर किशोरीको माग छ । खासगरी मानिसको प्रत्येक समयको अनुभूतिले मनमा त्यस्तै किसिमको संगीत पैदा भइरहेको हुन्छ । दुःख, सुख, हाँसो, आँसु सबै किसिमको संवेग तथा परिस्थितिमा त्यसैमा मेल खाने संगीतको झन्कार मनमा झंकृत भइरहेको हुन्छ । त्यसै समयमा मनभित्रको धुनसँग मिल्दोजुल्दो बाहिरी संगीत सुन्न पाइयो भने त्यसले अझै सार्थकता पाउँछ र गहिरोसँग संगीतले फदयमा छाप छोड्छ । त्यही बाहिरी संगीत अथवा धुन कालान्तरमा गएर अतितको स्मरणमा सहयोगी साबित हुन्छ ।

*-सुशीला रेग्मी/रासस*

# ‘कार्साङ’मा अभिनेत्री सुरक्षा पन्त अनुबन्धित



यम शेर्पाको निर्देशनमा बन्ने फिल्म ‘कार्साङ’मा अभिनेत्री सुरक्षा पन्त अनुबन्धित भएकी छन् । यार्सा फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्ममा मुख्य अभिनेताका रुपमा दयाहाङ राई, बुद्धि तामाङ फाइनल भइसकेका छन् । यस्तै, नवनायिकाका रुपमा छिरिङ शेर्पा अनुबन्धित भइसकेकी छिन् । शेर्पा जातिको सामाजिक कथावस्तुमा निर्माण हुन सुरक्षा अनुबन्धित भएसँगै प्रमुख कलाकारहरुको लाइनअप पुरा हुन लागेको निर्देशक शेर्पाले जानकारी दिए ।

निर्देशक शेर्पाको यो डेब्यू निर्देशकीय फिल्म हो । फिल्ममा उनी स्वयंको लेखन (कथा, पटकथा तथा संवाद) रहेको छ । यसअघि शेर्पाले थुप्रै सर्ट फिल्मको निर्देशन गरिसकेका छन् । फिल्मका अन्य कलाकार तथा प्राविधिक चाँडै फाइनल गरिने निर्देशक शेर्पाले बताए । बाँकी कलाकार अडिसनमार्फत छनोट गरिने बताइएको छ । पुरुषोत्तम प्रधानको छायांकन रहने फिल्ममा उनी निर्माताका रुपमा पनि जोडिएका छन् । तिहार लगतै छायांकन गरिने यस फिल्मको बाह्रबिसे नगरपालिका र बाँकी भोटेकोसी गाउँपालिका विभिन्न स्थानमा छायांकन गरिने निमार्ण पक्षले बताएको छ । फिल्म ‘कार्साङ’को ओभरसिज राइट्स छायांकन अगावै महँगो रकममा बिक्री पनि भइसकेको छ । यो फिल्मलाई अन्तराष्ट्रिय बजारमा सेभेन सिज इन्टरटेनमेन्ट कम्पनीले रिलिज गर्ने भएको हो । फिल्मको निर्माण पक्ष र सेभेन सिज कम्पनीबीच केही दिन अघि आधिकारिक सम्झौता भइसकेको छ । फिल्मको देशभर वितरणको जिम्मेवारी आरआर फिल्म्स (रोहित-रत्न)ले लिएको छ । ओभरसिज राइट्स बिक्री भएसँगै नेपाल र विदेश एकसाथ फिल्मलाई प्रदर्शन गर्ने निर्देशक शेर्पा बताउँछन् ।

*-डिसी नेपाल डटकम*

# दयाहाङका चलचित्रले लगानी सुरक्षित गरिरहेका छन् ?



अभिनेता दयाहाङ राई अभिनीत चलचित्रले गएको आर्थिक वर्षमा करिब साढे २८ करोड रुपैयाँ ग्रस कलेसक्न गरेका छन् । उनी अभिनीत सात चलचित्रले साढे २८ करोड रुपैयाँ कलेक्सन गरेका हुन् । चलचित्र विकास बोर्डका अनुसार उनले अभिनय गरेका मध्ये गएको वर्ष ‘जारी’, ‘दुई नम्बरी’, ‘फूलबारी’, ‘के घर के डेरा’, ‘बिहे पास’, ‘नीरफूल’ र ‘राधा’ रिलिज भएका थिए । तर, यी सबै चलचित्रमा उनी सोलो रूपमा मुख्य भूमिकामा छैनन् । ‘राधा’ पपुलर फेस ठूलो संख्यामा रहेको चलचित्र हो । ‘दुई नम्बरी’मा पनि दयाहाङ मात्र सोलो लिडर रोलमा छैनन् । दयाहाङ र सौगात मल्लको मुख्य भूमिका रहेको चलचित्र हो, यो । ‘फूलबारी’ पनि मल्टिस्टारर सिनेमा हो ।

पछिल्लो समय नेपाली चलचित्रमा औसतमा दुई करोड रुपैयाँभन्दा माथि लगानी हुन थालिसकेको छ । औसतमा दयाहाङ अभिनीत चलचित्रको लगानी तीन/तीन करोड रुपैयाँ राख्ने हो भने गएको वर्ष ती सिनेमाको कुल लगानी २१ करोड रुपैयाँ रह्यो । २१ करोड लगानी गर्दा उनी अभिनीत सिनेमाले साढे २८ करोड ग्रस कलेक्सन गरेको देखिन्छ । यो ग्रस कलेक्सन डिजिटल राइट्स र फरेन राइट्सबाहेकको रकम हो । राम्रो ब्यानरका सिनेमाले डिजिटल राइट्स र फरेन राइट्सबाट नै लगानीको ठूलो हिस्सा उठाउँछन् । तीन करोड लगानी उठाउन चलचित्रले सात करोडभन्दा माथि ग्रस कलेक्सन गर्नुपर्छ । औसतमा ती चलचित्रले लगानी उठाउन कुल ४९ करोड रुपैयाँ ग्रस कलेक्सन गर्नुपर्ने देखिन्छ । औसतमा हेर्ने हो भने दयाहाङका चलचित्रले लगानी सुरक्षित गरेको देखिँदैन । “पछिल्लो समय अन्य क्षेत्रजस्तै चलचित्र निर्माण पनि निकै महँगो भइसकेको छ, अहिले कमर्सियल सिनेमा बनाउने हो भने औसतमा तीन करोड रुपैयाँ बजेट लाग्छ,” चलचित्र निर्माता रोहित अधिकारी भन्छन्, “तीन करोड लगानी उठाउन पहिलो हप्तामा सात करोड ग्रस कलेक्सन गर्नुपर्छ । यदि, पहिलो हप्ता राम्रो कलेक्सन नगरे पनि त्यसपछिका हप्तामा सिनेमा चल्ने हो भने आठ करोडभन्दा माथि कलेक्सन गर्नुपर्छ । होइन भने निर्माताको लगानी उठ्दैन ।” कमर्सियल सिनेमाको लगानी नै उच्च हुने गरेको उनी बताउँछन् । स्टार कलाकार लिएर सिनेमा बनाउँदा एक करोड रुपैयाँ पारिश्रमिकमै खर्च हुने गरेको उनको भनाइ छ । ‘जारी’ले १७ करोड १७ लाख, ‘दुई नम्बरी’ले तीन करोड ८४ लाख, ‘फूलबारी’ले तीन करोड ५३ लाख, ‘के घर के डेरा’ले दुई करोड ६५ लाख, ‘बिहे पास’ले ९४ लाख, ‘नीरफूल’ले ३९ लाख र ‘राधा’ले ६ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको चलचित्र विकास बोर्डको बक्सअफिस रिपोर्टमा उल्लेख छ ।

*-बाह्रखरी डटकम*

# रामपुरका थप ८७ जनालाई जग्गाधनी प्रमाण पूर्जा



**पाल्पा,** साउन १७/राष्ट्रिय भूमि आयोग पाल्पाले रामपुरका थप ८७ जना अव्यवस्थित जग्गाधनीलाई जग्गाधनी प्रमाण पूर्जा वितरण गरेको छ । ५० वर्ष अघि देखिको अव्यवस्थित बसोबासीको समस्या रहेको रामपुरमा तेस्रो चरणमा सोमबार पूर्जा वितरण गरेको हो ।

आयोगले वितरण भएका पूर्जाको श्रेस्ता मालपोत कार्यालय रामपुर र नक्सा नापी कार्यालय रामपुरलाई हस्तान्तरण गरेको छ । आयोगले यस अघि पहिलो चरणमा गत वर्ष पुस ८ गते २ सय ६२ जनालाई दोस्रो चरणमा गत जेठ ३ गते ३ सय ५४ जनालाई पूर्जा वितरण गरेको थियो । जग्गाधनीलाई पूर्जा वितरणसँगै श्रेस्ता तथा नक्सा हस्तान्तरण कार्यक्रममा बोल्दै रामपुर नगरपालिका प्रमुख रमणबहादुर थापाले सबैको साथ र सहयोगले आयोग मार्फत ऐतिहासिक कार्य सम्पन्न गर्न सफल भएको बताए । वर्षौं देखि बसोबास गर्दै आए पनि लालपूर्जा नभएका अव्यवस्थित बसोबासीलाई जग्गाको मालिक बनाउन सफल भएकोमा खुशी व्यक्त गरे । श्रेस्ता तथा नक्सा मालपोत र नापीमा हस्तान्तरण भैसकेकाले जग्गाको श्रेस्ता कायम अब छिट्टै हुने बताउँदै नगरपालिकाले घरहरुको अभिलेखिकरणको प्रक्रिया पनि अघि बढाउने प्रतिवद्धता जनाए ।

राष्ट्रिय भूमि आयोग जिल्ला समिति पाल्पाका अध्यक्ष मोहनलाल गैरेले ७ सय ८३ घडेरी मध्ये वडा नं. ५, ६ र ७ मा ७ सय २ वटा पूर्जा वितरण सम्पन्न भएको जानकारी दिए । बाँकी रहेका मध्ये प्रक्रिया पुरा भएर १२ वटाको राजस्व जम्मा गर्न बाँकी रहेको, ४१ घडेरीको श्रीमान वा श्रीमतिको हस्ताक्षर बाँकी भएको, १ वटाको मुचुल्का नभएको, १८ वटाको दोहोरो निवेदन परेको र ९ वटा निवेदनको कार्यविधि अनुसार नमिल्ने भएर पछि सारिएको बताए । हाल सम्म एक वटा निवेदनमा मात्र हकदावी परेको छ । आयोगले ७ सय २ अव्यवस्थित जग्गाधनी पूर्जा वितरणबाट ११ करोड ७७ लाख ५३ हजार ५ सय ५२ राजस्व संकलन गरेको छ । हाल सम्म १ सय १४ रोपनी ११ आना १ पैसा क्षेत्रफलको जग्गाको पूर्जा वितरण गरिएको छ । राष्ट्रिय भूमि आयोग जिल्ला समिति पाल्पाका विज्ञ सदस्य कृष्णप्रसाद अधिकारीले सबैको साथ र सहयोगले हाल सम्मको उपलब्धी प्राप्त भएको बताए । कार्यक्रममा रामपुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत चेमन प्रकाश पोखरेल, रामपुर नगरपालिकाका प्रवक्ता कपिलबहादुर खाँण, नेपाली कांग्रेस रामपुरका नगर सभापति नेत्रप्रसाद भट्टराई, नेकपा एमाले रामपुर नगर कमिटी अध्यक्ष विष्णुप्रसाद रेग्मी, नेकपा माओवादी केन्द्र रामपुरका लक्ष्मी ढकाल, एकिकृत समाजवादी रामपुरका विनोदकुमार श्रेष्ठ, राष्ट्रिय जनमोर्चा रामपुरका रामप्रसाद गैरे, पत्रकार सीता डोटेल लगायतले आफ्नो धारणा राखेका थिए थिए । कार्यक्रमको अवसरमा रामपुर नगरपालिकाले जग्गाधनी प्रमाण पूर्जा वितरणमा आयोगलाई सहयोग गर्ने व्यक्तित्वहरुलाई सम्मान गरेको थियो । राष्ट्रिय भूमि आयोग जिल्ला समिति पाल्पाका अध्यक्ष मोहनलाल गैरेको अध्यक्षतामा भएको कार्यक्रम विज्ञ सदस्य कृष्णप्रसाद अधिकारीको स्वागत र सदस्य सचिव अर्जुन पौडेलको सञ्चालनमा भएको हो । तत्कालीन रामपुर गाउँ पञ्चायतले पूर्वाधार निर्माण तथा सामाजिक कार्यको लागि र हालको रामतुलसी मावि, दरैठाँटी मावि, आधारभूत मावि, नवदुर्गा मावि लगायतका विद्यालयहरुले विद्यालय सञ्चालनको लागि तत्कालिन समयमा विक्री गरेको जग्गामा बसोबास गर्दै आएका स्थानीय लालपूर्जा प्राप्तिसंगै खुशी भएका छन् ।

# खरको छानो फाल्दै...

...आव २०७८/७९ मा नगरपालिकाबाट रु पाँच लाख, आव २०७९/८० मा रु १२ लाख बराबरको रकम विनियोजन गरी काम गरेको नगरपालिकाले जनाएको छ । प्राविधिकले नाप नक्साङ्कन गरेर समितिको सिफारिसमा सिङ्गो घर छाउन पुग्ने जस्तापाता सम्बन्धित घरधनीलाई वितरण गरिँदै आएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखनाथ न्यौपाने बताउँछन् । उनी भन्छन्, "खरको छानोमुनि बसोबास गरेका परिवार, भइपरि आउने आगलागी, भूकम्प लगायतका विभिन्न विपद्मा परेका नागरिकलाई पनि उनीहरुको अवस्था हेरेर बाँसस्थानका लागि नगर सरकारले घर छाउन पुग्ने गरी जस्तापाता उपलब्ध गराएको छ, यो कार्यक्रम रामपुरमा प्रभावकारी रुपमा अगाडि बढिरहेको छ ।" सानो झुप्रो त्यही पनि खरको छानो पानी पर्दा चुहेर घरभित्रै पानीको आहालभित्र विपन्नले जस्तापाता छाउने रकम नहुँदा त्यत्तिकै बस्नुपर्ने बाध्यता थियो । चुहिने खरको छानोमुनि बसेर कष्टकर रुपमा छोराछोरीको साथमा जीवन व्यतित गर्दै आएका अभिभावकहरु अहिले ढुक्कले बसोवास गरिरहेका छन् । घरको छानो व्यवस्थित र बलियो बनेपछि हावाहुरी, पानी परेका समय भय, डर हटेको लाभान्वितहरु बताउँछन् । विशेषगरी वर्षायाम सुरु भएपछि खरका छानोमुनि बसोबास गरिरहेका परिवारमा घर चुहिने समस्याले निकै पिरलो पारिरहेको हुन्थ्यो ।

स्थानीयवासीले नगरपालिकामा पेस गरेको निवेदनका आधारमा क्रमैसँग जस्तापाता उपलब्ध गराउने कार्य भइरहेको छ । संकलित निवेदनको आधारमा प्राविधिकसहितको कर्मचारी र जनप्रतिनिधिको टोली गाउँ-गाउँमा पुगेर अनुगमनपश्चात् प्राविधिक अध्ययन गरी जस्तापाता वितरण भइरहेको छ । मूल घरमा खरको छाना भएको हुनुपर्ने र प्राविधिकको नाप नक्साङ्कन अनुसार घरको क्षेत्रफल हेरेर जस्तापाता छाउने तयारी गरेपछि एक घरधुरीलाई रु २५ हजारदेखि ४० हजारसम्मको अनुदानस्वरुप नयाँ संरचना कायम भएका घरपरिवारलाई जस्तापाता उपलब्ध गराइएको छ ।

सुरुका बेला नगरपालिका कार्यालयबाटै जस्तापाता वितरण गर्ने गरिएकामा लाभग्राहीको सहजताका लागि नगरपालिकाले तोकेको पसलबाट वितरण गर्ने काम भइरहेको छ । नगरपालिकाका जनप्रतिनिधिले सुरु गरेको यो कार्यक्रमबाट यहाँका नगरवासी उत्साहित बनेका छन् । निर्वाचनका बेला आफूले नागरिकसामु गरेका प्रतिबद्धताहरु पूरा गर्न 'रामपुर नगर खरको छानोरहित घर' कार्यक्रम सुरु गरेको र यस कार्यक्रमलाई नगरका सबै घर खररहित सम्पन्न नहुँदासम्म हरेकवर्ष निरन्तर रुपमा वजेट विनियोजन गरी अगाडि बढाउँदै लैजाने नगरपालिकाका प्रमुख रमणबहादुर थापाले बताए । "सामान्य जस्तापाता किन्ने पैसा नभएर नागरिकले चुहिएको खरको छानोमुनि बसेर जीवन बिताउन बाध्य छन्", नगर प्रमुख थापाले भने, "उनीहरुलाई घर छाउन नगर सरकारले आवश्यकताको आधारमा आफू निर्वाचित भएर आएदेखि नै 'रामपुर नगर खरको छानोरहित घर' सुरु गरेको कार्यक्रमबाट विपन्न, गरिब परिवारका नागरिकले पानी पर्दा, हावाहुरी चल्दा आनन्दले बसोवास गरिरहेका छन्" रामपुर नगरपालिकामा उनको हाल नगर प्रमुख पद दोस्रो कार्यकाल हो । आफ्नो कार्यकालमा आफूले निर्वाचनका बेला जनताको घरदैलोमा पुगेर गरेका प्रतिबद्धताहरु पूरा गर्ने गरी कामहरु अगाडि बढाएको नगर प्रमुख थापाले बताए । सुन्दर र नमूना नगरका रुपमा चिनाउन नगरपालिकाले विशेष प्राथमिकतामा राखेर खरका छानारहित नगर कार्यक्रमलाई हरेक वर्ष निरन्तरता दिइरहेको छ ।

खेलकुद समाचार

## कप्तान बनेर भारतीय टी–२० टिममा फर्के बुमराह



**काठमाडौं,** साउन १६/भारतीय तीव्रगतिका बलर जस्प्रित बुमराहले टी-२० टिममा पुनरागमन गर्दै कप्तानको जिम्मेवारी सम्हाल्ने भएका छन् । बुमराहले तीन १८ अगष्टबाट हुने आयरल्यान्डसँको तीन टी-२० आई खेलको सिरिजमा भारतको कप्तानी गर्नेछन् ।

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड बीसीसीआईले हार्दिक पान्ड्यासहित आफ्ना प्रमुख खेलाडीलाई विश्राम दिँदै बुमराहको कप्तानीमा टिम घोषणा गरेको छ । गतवर्ष सेप्टेम्बरमा अष्ट्रेलियासँग हैदराबादमा भएको टी-२० आई खेलपछि बुमराह भारतीय टोलीमा थिएनन् । चोटका कारण बाहिरिएका बुमराह नहुँदा बलिङमा भारतीय टिम निकै प्रभावित देखिएको थियो । उनको आगमनले भारतको बलिङ आक्रामण मजबुत हुनेछ । भारतले युवा ब्याटर ऋतुराज गायकवाडले यस प्रतियोगिताका लागि उपकप्तानको जिम्मेवारी निर्वाह गर्नेछन् । भारतले पहिलो खेल १८ अगष्ट, दोस्रो खेल २० अगष्ट र तेस्रो खेल २३ अगष्टमा खेल्नेछ । यसैगरी भारतीय टोली तर्फ जस्प्रित बुमराह (कप्तान), ऋतुराज गायकवाड (उपकप्तान), यशस्वी जैसवाल, तिलक बर्मा, रिंकु सिंह, सन्जु स्यामसन (विकेटकिपर), जितेश शर्मा (विकेटकिपर), शिवम दुबे, वासिन्टन सुन्दर, शहबाज अहमद, रवि विश्नोई, प्रसिद्ध कृष्णा, अर्शदीप सिंह, मुकेश कुमार र आवेश खान रहेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक उच्च अंकले घट्यो



**पाल्पा,** साउन १७/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अंकले घटेको छ । मंगलबार नेप्से परिसूचक २८ दशमलव ५९ अंकले घटेर दुई हजार ७७ दशमलव ५८ को बिन्दुमा कायम भएसँगै घटेको हो ।

नेप्सेका अनुसार विभिन्न दुई सय ६२ कम्पनीको ६० लाख १५ हजार ६७ कित्ता शेयर ४० हजार आठ सय ३७ पटक खरिद बिक्री हुँदा रू एक अर्ब ९२ करोड ४४ लाख ३४ हजार नौ सय बराबरको कारोबार भएको छ । कारोबारमा म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०५ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूहको उपसूचक दुई सय ७४ दशमलव ६४ र जीवन बीमा समूहको उपसूचक दुई सय २२ दशमलव ५३ अंकले घटको छ । बैंकिङ समूह १२ दशमलव २३, विकास बैंक ७६ दशमलव २५, वित्त ४५ दशमलव ०९, होटल तथा पर्यटन एक सय २३, जलविद्युत २९ दशमलव ९६, लगानी शून्य दशमलव ७१ र उत्पादन तथा प्रशोधन समूह ७६ दशमलव ७७ अंकले घटेको छ । त्यस्तै, लघुवित्त ५४ दशमलव ०९, व्यापार ४४ दशमलव ८३ र अन्य समूह १५ दशमलव १९ अंकले घटेको छ । आजको कारोबारबाट सुपरमादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ६० प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ५४ प्रतिशतले घटेको छ ।

अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै रू आठ करोड ७४ लाख तीन हजार आठ सय ८५ बराबरको शेयर कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सानिमा इक्विटी फन्डको चार लाख चार हजार नौ सय ५० कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई